सिद्धलेक गाँउपालिका

# गाँउ कार्यपालिकाको कार्यालय

बुङचुङ, धादिङ

बागमती प्रदेश,नेपाल

प. स: २०७८/०७९

च. न:

मितिः २०७८/१२/२४

**विषयःटाईफाइड खोप अभियान संचालन सम्बन्धमा**

प्रस्तुत विषयमा यसै सुचनालाई आधार मानी विध्यालय तथा समुदाय स्तरमा रहेका सम्पुर्ण १५ महिना देखि १५ बर्ष सम्मका बालबालिकाहरुमा टाईफाईड रोग विरुद्धको खोप अभियान तपशिल बमोजिम मिति समय र स्थानमा संचालन हुने भएकोले आफुलाई पाएक पर्ने खोप केन्द्रमा आफ्ना बालबालिकाहरुलाई खोप लगाउनुहुन सुचित गरिन्छ ।

| सि नं | स्वास्थ्य संस्थाको नाम | खोपकेन्द्रको नाम | मिति | समय |
|---|---|---|---|---|
| | नलाङ स्वास्थ्य चौकी वडा नं-१,२ | १. सिद्धेश्वर मा.वि ठाँटि | १२/२५/२०७८ | १० देखि ४ बजे सम्म |
| | | २. नलाङ आ.वि सुन्दरपानी | | |
| | | ३ .जनजागृती आ वि आप्रीछाँप | | |
| | | ४. नलाङ पात्ले मा.वि खिर्रे | | |
| | | ५. अमृत आ.वि अर्चले | १२/२६/२०७८ | |
| | | ६. बलदेवी आ.वि गहते | | |
| | | ७ .नलाङ मा.वि चरिमारे | | |
| | | ८. मिन्दुका मा.वि बैरेनी | १२/२७/२०७८ | |
| | | ९. नागेश्वरी आ.वि बुङचुङ | | |
| | | १०. जलेश्वरी आ.वि. नयाँ बस्ती | | |
| | | ११.नलाङ स्वास्थ्य चौकी | | |

२०७८/१२/२४

नन्दलाल शर्मा

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

Email: info@siddhalekmun.gov.np

| | | | | |
|---|---|---|---|---|
| | सलाङ स्वास्थ्य चौकी वडा नं- ३,४ | १.चक्रमहाकालि आ.वि | १२/२५/२०७८ | ८:०० - ९:३० |
| | | | | |
| | | २.जलेश्वरी मा.वि | | १०:३० - ४:०० |
| | | ३.मालिका आ.वि | | ८:३० - १०:०० |
| | | ४.जलदेवी आ.वि | | ११:०० - २:३० |
| | | ५.कालिदेवी मा.वि | | १०:०० - ३:०० |
| | | ६.अमर आदर्श मा.वि | १२/२६/२०७८ | १०:००-४:०० |
| | | ७.अकलादेवी मा.वि | | १०:००-४:०० |
| | | ८.बराहा आ.वि | १२/२७/२०७८ | ८:०० - ९:३० |
| | | ९. पञ्मुखी मा.वि | | १०:३० - ४:०० |
| | | १०.रेवती आ.वि | | १०:००-४:०० |
| | | ११.महाकालि आ.वि | | १०:०० - ४:०० |
| | | १२.सलाङ स्वास्थ्य चौकी | १२/२८/२०७८ | १०:०० - ४:०० |
| | कुम्पुर स्वास्थ्य चौकी वडा नं- ५,६,७ | १.बागबच्छला मा.वि | १२/२५/२०७८ | १० देखि ४ बजे सम्म |
| | | २.सत्यवती मा.वि | | |
| | | ३.शमिटार आ.वि | | |
| | | ४.कालिका आ.वि | १२/२६/२०७८ | |
| | | ५.मनकामना आ.वि | १२/२७/२०७८ | |
| | | ६.महाकाली मा.वि | | |
| | | ७.सुन्दरी मा.वि | | |
| | | ८.कुम्पुर आ.वि | १२/२८/२०७८ | |
| | | ९.जाल्पादेवी आ.वि | | |
| | | १०.गोल्मा रानी आ.वि | १२/२९/२०७८ | |
| | | ११.कालिका आ.वि | | |

- खोप लगाऔ टाईफाईड रोगबाट बचाऔ ।
- कोही नछुटुन् कोही नदोहोरिउन् ।
- खोप सुरक्षित छ त्यसैले समयमा आएर खोप लगाउनुहोस ।
- खोप लगाएता पनि सधै सरसफाईका सबै व्यवहारहरुको पालाना गरौं ।

नन्दलाल शर्मा
प्र. प्र. अ

Scanned with CamScanner

# टाइफाइड खोप अभियान २०७८/७९




**टाइफाइड/म्यादे ज्वरो** ज्याने जोखिममा पार्न सक्ने संक्रामक रोग हो । दल वा संक्रमित व्यक्तिको दिसामा पाइने टाइफाइड रोगको जिवाणु स्वस्थ व्यक्तिमा दुषित खाना वा पानीको माध्यमबाट सर्दछ । यो रोग सबै उमेर समूहको व्यक्तिहरूमा लागेको पाईएता पनि विशेष गरी १५ वर्ष मुनिका बालबालिकामा धेरै हुने गरेको पाईएको छ ।

टाइफाइड रोगबाट बचाउन यहि **चैत्र २५ गतेदेखि बैशाख १८ गतेसम्म** खोप अभियान देशैभर संचालन हुदैछ । यो अभियानमा १५ महिना देखि १५ वर्ष मुनिका सबै बालबालिकालाई टाइफाइड खोप दिइन्छ । खोप लगाउने उमेर समूहका बालबालिकालाई नजिकको खोप केन्द्रमा गई खोप लगाऔं ।

खोप अभियान संचालन हुने मिति र समय स्थानिय रेडियो, स्वास्थ्य संस्था, स्वयंसेविका, विद्यालयहरू आदि मार्फत जानकारी पाइनेछ ।



टाइफाइड जस्ता पानीजन्य संक्रामक रोगबाट बच्नका लागि पानीलाई उमालेर वा फिल्टर गरेर मात्र पिऔं, खाना खानु अघि, दिसापिसाब गरेपछि, खाना बनाउनु वा छुनु अघि, बालबालिकालाई खाना खुवाउनु अघि साबुन पानीले मिचिमिचि हात धोऔं ।



**नियमित खोप तालिका अनुसार १५ महिना भित्रमा सबै खोपको मात्रा पूरा गरौं ।**
**खोप लगाउन जाँदा मास्कको अनिवार्य प्रयोग गरौं ।**

खोप निःशुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# राष्ट्रिय खोप-तालिका

| पटक/भेट | कुन उमेरमा | कुन खोप |
|---|---|---|
| १ | जन्मने बितिकै | बि. सि. जी. |
| २ | ६ हप्तामा | रोटा<br>पोलियो<br>एफ.आई.पि.भी.<br>पि. सि. भी.<br>डि.पि.टी.-हेप बी-हिब |
| ३ | १० हप्तामा | रोटा<br>पोलियो<br>पि. सि. भी.<br>डि.पि.टी.-हेप बी-हिब |
| ४ | १४ हप्तामा | पोलियो<br>एफ.आई.पि.भी.<br>डि.पि.टी.-हेप बी-हिब |
| ५ | ९ महिनामा | पि.सि.भी.<br>दादुरा-रुबेला |
| ६ | १२ महिनामा | जापानिज इन्सेफलाइटिस |
| ७ | १५ महिनामा | दादुरा-रुबेला<br>टाइफाइड |

**खोप लगाएता पनि सधैं सरसफाईका सबै व्यवहारहरुको पालना गरौं ।**

Gavi unicef World Health Organization Nepal

पूर्ण खोप, सुरक्षित भविष्य

# टाइफाइड खोप अभियान २०७८/७९



नेपालमा पहिलो पटक **१५ महिना देखि १५ बर्ष मुनीका सबै बालबालिकालाई** टाइफाइड खोप लगाईदै छ ।

यो खोप यहि **चैत्र २५ गतेदेखि बैशाख १८ गतेसम्म** देशैभर लगाइन्छ ।

आफ्नो ठाँउमा खोप सञ्चालन हुने **स्थान, मिति र समयका** वारेमा स्थानिय रेडियो, स्वास्थ्य संस्था, वडा कार्यालय, विद्यालय आदिबाट जानकारी पाईन्छ ।

**खोप नि:शुल्क पाइन्छ** | **खोप सुरक्षित छ** | **खोपले जीवन रक्षा गर्छ**

Gavi The Vaccine Alliance | unicef | World Health Organization Nepal | नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# टाइफाइड खोप अभियान २०७८/७९



### टाइफाइड रोग भनेको के हो?

टाइफाइड/म्यादे ज्वरो ज्यानै जोखिममा पार्न सक्ने संक्रामक रोग हो। दूषित वा संक्रमित व्यक्तिको दिसामा पाइने टाइफाइड रोगको जिवाणु स्वस्थ व्यक्तिमा दूषित खाना वा पानीको माध्यमबाट सर्दछ। यो रोग सबै उमेर समूहको व्यक्तिहरूमा लागेको पाइएता पनि विशेष गरी १५ वर्ष मुनिका बालबालिकामा धेरै हुने गरेको पाइएको छ।

### टाइफाइड खोप अभियान कहिले हुदैछ ?

टाइफाइड रोगबाट बचाउन यहि **चैत्र २५ गतेदेखि वैशाख १८ गतेसम्म** खोप अभियान देशैभर संचालन हुदैछ।

### यो अभियानमा कसलाई खोप लगाइन्छ ?

यो अभियानमा **१५ महिना देखि १५ वर्ष मुनिका सबै बालबालिकालाई** टाइफाइड खोप दिइन्छ। खोप लगाउने उमेर समूहका बालबालिकालाई नजिकको खोप केन्द्रमा गई खोप लगाऔं।

### खोप अभियानका बारेमा कसरी थाहा पाउन सकिन्छ ?

खोप अभियान संचालन हुने **स्थान, मिति र समय** स्थानिय एफ.एम, रेडियो, स्वास्थ्य संस्था, स्वयंसेविका, विद्यालयहरू, वडा कार्यालय आदि मार्फत जानकारी पाइनेछ।

Gavi | unicef | World Health Organization Nepal | नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

### यो रोगका मुख्य लक्षण तथा चिन्हहरू के के हुन्?

उच्च ज्वरो आउने, टाउको दुख्ने, जिउ दुख्ने, पसिना आउने र जिब्रोमा सेतो लेत लाग्ने (Coated tongue) आदि जस्ता यो रोगका मुख्य लक्षण र चिन्ह हुन्। साथै कसै कसैलाई पेट दुख्ने, पखाला लाग्ने, वाकवाकी लाग्ने, भोक नलाग्ने, शरीरमा रातो बिमिरा आउने आदि लक्षण र चिन्ह पनि देखिन सक्छन्। यो रोगको संक्रमण पश्चात् केही व्यक्तिहरूमा शरीरका विभिन्न भागमा संक्रमण (Bacteremia/Septicemia) फैलने, सानो आन्द्रामा घाउ हुने र प्वाल पर्ने र मस्तिष्क सम्वन्धी समस्या आदि जस्ता जटिलताहरू पनि देखा पर्न सक्दछ।

### यो खोप लगाएपछि के के असरहरू देखिन सक्छ ?

टाइफाइड खोप लगाएपछि अन्य खोपहरूमा जस्तै केही सामान्य (सुई लगाएको ठाउँमा रातो हुने, सुन्निने र दुख्ने, हल्का ज्वरो आउने, टाउको दुख्ने, हात गोडा तथा जोर्नीहरू दुख्ने आदि) असरहरू हुन सक्छन् र यस्ता सामान्य असरहरू बिस्तारै आफै ठीक भएर जान्छन्। खोप लगाए पश्चात् यस्ता लक्षणहरू बाहेक अन्य स्वास्थ्य जटिलता देखा परेमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राख्नु पर्दछ।

### यो खोप कसले लगाउनु हुँदैन ?

यो खोप विगतमा कुनै खोप लिंदा गम्भीर प्रकारको प्रतिक्रिया (Severe Allergy) देखा परेको वा कुनै खाना वा अन्य वस्तुबाट कडा एलर्जी भएको भए, एड्सको लक्षण देखा परेको अवस्थामा दिनु हुँदैन। साथै हाल उच्च ज्वरो आएको वा सिकिस्त बिरामी भएको अवस्थामा दिनु हुँदैन, तर बिरामी ठीक भईसकेपछि यो खोप लिन सकिन्छ।

***नोटः** साधारण बिरामी भएको अवस्था जस्तै: हल्का ज्वरो आएको, रुघा खोकी लागेको, कुपोषण भएको अवस्थामा यो खोप लगाउन मिल्छ।*

### टाईफाइड रोग लाग्न नदिन के गर्नुपर्छ ?



**टाईफाइड जस्ता पानीजन्य संक्रामक रोगबाट बच्नका लागि पानीलाई उमालेर वा फिल्टर गरेर मात्र पिउनुपर्छ। पानीको मुहान सधैं छोपेर राख्नुपर्छ।**

**दिसापिसाब चर्पीमा मात्र गर्नुपर्छ र बालबालिकाको दिसालाई पनि चर्पीमा मात्र फ्याल्नुपर्छ।**





**साथै, खाना खानु अघि, दिसा धोएपछि, खाना बनाउनु वा छुनु अघि र बालबालिकालाई खाना खुवाउनु अघि साबुन पानीले मिचिमिचि हात धुनुपर्छ।**

## नियमित खोप तालिका अनुसार १५ महिना भित्रमा सबै खोपको मात्रा पूरा गरौं। खोप लगाउन जाँदा मास्कको अनिवार्य प्रयोग गरौं।

**खोप नि:शुल्क पाइन्छ** | **खोप सुरक्षित छ** | **खोपले जीवन रक्षा गर्छ**